# नागरिक लगानी कोषको

## ३०औँ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस कोषको सञ्चालक समितिको मिति २०८१।०९।०८ मा बसेको ८३३औँ बैठकको निर्णय अनुसार कोषको ३०औँ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा हुने भएकोले नागरिक लगानी कोष ऐन, २०४७ को दफा २१ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :

**मिति : २०८१ साल पुस २९ गते सोमबार (तदनुसार १३ जनवरी, २०२५)।**

**स्थान : कोषको केन्द्रीय कार्यालय, सिआईटी बिल्डिङ, नयाँ बानेश्वर, काठमाडौँ।**

**समय : बिहान ११.०० बजे।**

### साधारण सभामा छलफल हुने विषयहरू :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने कोषको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

(३) कोषको आर्थिक वर्ष २०८०/८१ को आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको प्रस्तावित ७ (सात) प्रतिशत बोनस शेयर र ६ (छ) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा सञ्चालकहरूको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने।

(५) विविध।

### वार्षिक साधारण सभा सम्बन्धी जानकारी :

१. वार्षिक साधारण सभा प्रयोजनका लागि कोषको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०८१ पुस २२ गते एक दिन बन्द रहनेछ। शेयरधनी पुस्तिका बन्द हुने अघिल्लो दिन अर्थात् २०८१ पुस २१ गतेसम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई शेयर नामसारी भई आएका शेयरधनीहरू वार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन्।

२. शेयरधनीहरूले आफ्नो परिचय खुल्ने परिचय पत्र वा सरकारी कार्यालयबाट जारी भएको परिचय पत्र वा शेयर अभौतिकीकरण गरेको व्यक्तिको हकमा हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाइनेछ।

३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकता वा अन्य कुनै सरकारी परिचय पत्र) प्रस्तुत गरेपछि सभामा भाग लिन पाइनेछ।

४. सङ्गठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कोषको शेयरधनी हुनुपर्नेछ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्ति शेयरधनीले कोषको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सभा हुनुभन्दा ९६ घण्टा अगावै उक्त प्रतिनिधि (प्रोक्सी) यस कोषको केन्द्रीय कार्यालयस्थित सञ्चालक समितिको सचिवालयमा दर्ता गराइसक्नुपर्नेछ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारणसभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. संयुक्त रूपमा शेयर खरिद गरेको अवस्थामा शेयरधनीहरूको दर्ता किताबमा साझेदारहरूमध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ सो व्यक्ति वा साझेदार वा साझेदारहरूको सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाइनेछ।

८. विविध शीर्षक अन्तर्गत कुनै विषय छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय सहित सञ्चालक समितिको सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई सम्बोधन गरी कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा लिखित रूपमा प्रस्ताव पेश गर्नुपर्नेछ।

९. सभामा भाग लिनुहुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ९.०० बजेदेखि खुला रहनेछ।

१०. कोषको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गरिएको सङ्क्षिप्त वित्तीय अवस्थाको विवरण तथा आय विवरण सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरू निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समयभित्र कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिनेछ।

**आज्ञाले,**

**सञ्चालक समितिको सचिव**